
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क २७१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ कार्तिक २ गते शुक्रबार ❑ 18 Oct. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## तालवराही मन्दिरमा दर्शनार्थीको भिड

पोखरापत्र संवाददाता
पोखरा, १ कार्तिक



पोखरा फेवातालको बिच भागमा रहेको तालवाराही मन्दिर अवलोकन तथा दर्शन गर्नेहरुको बिहिबार अत्याधिक भिड भएको छ।

दशैं पर्वको अन्तिम दिन विहिबार (कोजाग्रतपूर्णिमा) पर्वको अवसरमा तालवराही मन्दिरमा दर्शन गर्ने दर्शनार्थी एवं पर्यटकहरुको बर्षकै अत्याधिक भिड भएको फेवा डुंगा व्यवसायी संगठनका निवर्तमान अध्यक्ष बुद्धिबहादुर नेपालीले बताउनुभयो । पोखराको धार्मिक एवं पर्यटकीय गन्तव्य तालवराही मन्दिरमा बर्षको ३ सय ६५ दिन मध्य कोजाग्रतपूर्णिमा पर्वको दिनमा सबै भन्दा बढी भिड भएको उहाँले दाबी गर्नुभयो । तालवराही मन्दिरको दर्शन गर्न डुंगा सयरको लागि टिकट काट्ने र लाइफ ज्याकेट लिनेहरु केही समय कुर्दै लाइनमा समेत बस्नु भएको थियो। बिहानै देखि पोखराको तालवराही क्षेत्रमा ठुलो भिड लागेको थियो।

विहीबार बिहानैदेखि तालवराही मन्दिरको दर्शन गर्न तथा दशैंको जमरा सेलाउने एवं घुमघाम गर्ने पर्यटकहरुको सङ्ख्या बर्ष दिनकै सबै भन्दा बढी भिडभाड भएको एक डुंगा व्यवसायी पृतम कुंवरले दाबी गर्नु भयो।

देशमा आर्थिक मन्दिका कारण पछिल्लो समयमा आफुहरु समेत प्रभावित भएको उहाँको भनाई छ । मनोकांक्षा पूरा हुने धार्मिक विश्वासका साथ तालवराही मन्दिरमा दशैंको अवसरमा घटस्थापनादेखि दर्शन गर्नेहरुको भिडभाड हुने गर्दछ। तालवराही घाटमा दशैं मेला नै लागेको छ । दैनिक उपभोग्य बस्तुदेखि फेन्सि तथा रेडिमेटका सामानहरुको खरिद बिक्री गर्नेहरुको अत्याधिक भिडभाड भएको छ। कार्तिक महिनाको एक गते (संक्रान्ति), कोजाग्रतपूर्णिमा समेत परेकोले आफुहरुको मनोकाक्षा पूरा हुने विश्वासले आफुहरु तालबराही मन्दिरमा दर्शन गर्न आएको पोखराकी इन्दिरा पौडेलले बताउनु भयो । मन्दिरमा जान आउनको लागि प्रति व्यक्ति ६० रुपैया र लाईफ ज्याकेजको थप १० रुपैया शुल्क लाग्ने गर्दछ। दशैंको अवसरमा पोखरा, पोखरा आसपास, काठमाडौं, चितवन, बुटवल, धरान केही भारत र न्यून सङ्ख्यामा तेश्रो मुलुकका विदेशी पर्यटकहरु डुंगा सयर गर्न आएको व्यवसायीहरु बताउनु हुन्छ । स्वरोजगार डुंगा व्यवसायी करिब २ सय ५० सहित मजदुरी गर्ने डुंगा व्यावसायी गरी ५ सय जना रहनु भएको छ । फेवातालको ८ वटा घाटमा ७ सय ७५ वटा डुंगा रहेको समितिले जनाएको छ। कोरोनाको कारण देशमा भएको आर्थिक मन्दि र तालवराही मन्दिर मर्मत संहार समेत गर्न लागेको कारणले गर्दा पनि ६ बर्ष अघि जस्तो अत्याधिक भिड भने नभएको व्यवसायीहरुले बताउनु भयो।

यसैक्रममा, दशैं पर्वको अन्तिम दिन बिहीबार (कोजाग्रतपूर्णिमा) पर्वको अवसरमा तालवराही मन्दिर परिसर क्षेत्रमा लागेको दशैं मेला (हार्ट बजार) बिचमै बिथोलिएको छ । पोखरा महानगरपालिकाको नगर प्रहरीले उक्त मेला भर्न आएका व्यापारीहरुलाई हटाउन खोजे पछि उक्त मेला दिउसो करिब १:३० बजे देखि बिथोलिएको फेवा डुंगा व्यवसायी संगठनका अध्यक्ष बलराम गिरीले गुनासो गर्नुभयो।

## पोखरामा होटलको अकुपेन्सी ५० प्रतिशत

पोखरापत्र संवाददाता
पोखरा, १ कार्तिक

पर्यटनको राजधानी पोखरामा हाल होटलहरुको अकुपेन्सि करिब ५० प्रतिशत रहेको छ।

नेपालीहरुको महान पर्व बिजया दशमी टिकाको दिन पछि केही दिन ७० प्रतिशतम्म होटल अकुपेन्सि पुगेको पोखरामा हाल ५० प्रतिशतमा झरेको होटल संघ पोखरा नेपालले जनाएको छ । कोजाग्रतपूर्णिमा पर्वको अवसरमा गण्डकी प्रदेश सरकारले सार्वजनिक बिदा दिएकोले आउदो शनिबारसम्म पोखरामा आन्तरिक पर्यटकहरुको उत्साहजनक सहभागिता हुने आफुहरुले अपेक्षा गरेको होटल संघ पोखरा नेपालका अध्यक्ष लक्ष्मण सुवेदीले बताउनुभयो । पोखरामा हाल पोखरा आसपास देखि देशका विभिन्न शहर हुदै भारतीय पर्यटकहरुको समेत आगमन भएको उहाँले जनाउनुभयो।

तेश्रो मुलुकका पर्यटक भने केही कम भएको तथा केही ट्रेकिङ तर्फ गएका पाहुना समेत पोखरा फर्किएको संघले जनाएको छ।

संघले दशैं अघि नै वडा दशैं तथा शुभदिपावलीको अवसरमा पोखरामा आउने पर्यटकहरुलाई होटल आवासमा ३० प्रतिशत छुट दिने घोषणा गरेको थियो । होटल संघ पोखरा नेपालले आफ्ना सदस्य अन्तर्गतका होटल प्रतिष्ठानहरुमा बडा दशै देखी तिहारसम्म प्रकाशित दररेट (आवासमा) पाहुनालाई ३० प्रतिशत सम्म छुट दिने घोषणा गरेको अध्यक्ष सुवेदीले जनाउनु भयो। पृथ्वी राजमार्गको पोखरा-मुग्लिन खण्डको स्तरोन्नती कार्य पनि धेरै हदसम्म अगाडि बढेको, राजमार्ग खुल्ला अवस्थामा नै रहेको तथा पोखरा जोड्ने अन्य राजमार्गहरुको अवस्था सामान्य रहेकोले दशैं तथा तिहार पर्वको अवसरमा अधिकांश पर्यटकहरुलाई आकर्षण गर्न उक्त छुटको व्यबस्था गरिएको संघले जनाएको छ।

देशमा भएको आर्थिक मन्दि सहित पछिल्लो क्रममा भएको बाढी पहिरोले पोखरा क्षेत्रमा खस्केको पर्यटन क्षेत्रलाई आकर्षण गर्न संघमा आबद्ध पर्यटक स्तरिय ५ स्टार होटलसम्म उक्त छुट लागु हुने भएको संघका महासचिव राजेन्द्र ढकालले जनाउनुभयो।

## पोखराको सरसफाईको लागि स्वीपर मेसिन (ब्रुमर) प्रयोग गरिने

पोखरापत्र संवाददाता
पोखरा, १ कार्तिक

सुन्दर नगरी पोखराको थप सरसफाईलाई व्यबस्थित पार्न पोखरा महानगरपालिकाले स्वीपर मेसिन (ब्रुमर) प्रयोग गर्ने भएको छ।

पोखराको सौन्दर्यतालाई कायम गर्न नयाँ प्रविधिलाई आत्मसाथ गरी महानगरले उक्त मेसिल पहिलो पटक भित्राएको पोखराका मेयर धनराज आचार्यले बताउनु भयो।

उक्त मेसिन ४९ हर्ष पावर क्षमताको रहेको छ भने २.९ मिटरको चौडाइ भएको सो मेसिन साना गल्लीहरूमा समेत प्रवेश गर्न सक्ने र सडक सफाइको काम गर्न सक्ने भएको मेयर आचार्यले जनाउनु भयो । उक्त मेसिल ३३ लाख ९९ हजार रुपैयाँमा खरिद गरिएको महानगरले जनाएको छ।

पोखरा महानगरका मुख्य सडकहरूमा सवारीको चाप बढेसँग सडक छेउमा धुलो जम्मा हुने र वातावरण नै प्रदूषण हुने अवस्था आएपछि सडकको सफाइका लागि मनिटौ ब्राण्डको नयाँ स्वीपर मेसिन ल्याईएको मेयर आचार्यले बताउनुभयो। मेसिनले नियमित रूपमा सडक सफाइको

बाँकी अन्तिम पृष्ठमा ▶▶

## तीन दल बैठकको निर्णय शान्तिप्रक्रियाको काम तत्काल अघि बढाउने

रासस
काठमाडौं, १ कार्तिक

प्रधानमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीसहित तीन दलका शीर्षनेताको बैठकमा शान्ति प्रक्रियाको थप कामलाई अघि बढाउने विषयमा छलफल भएको छ।

प्रधानमन्त्री निवास, बालुवाटारमा बिहीबार बसेको बैठकमा शान्ति प्रक्रियाको बाँकी काम टुङ्ग्याउने विषयमा छलफल भएको, शान्ति प्रक्रियाको भावना र कानुनी प्रक्रियालाई बुझ्ने खालका व्यक्तिलाई पदाधिकारी बनाउनुपर्ने विषयमा छलफल भएको नेकपा (माओवादी केन्द्र) का उपमहासचिव शक्तिबहादुर बस्नेतले जानकारी दिनुभयो।

"एक/दुई दिनभित्र सिफारिस समितिलाई पूर्णता दिने विषयमा छलफल भएको छ, सिफारिस समितिले पूर्णता पाएपछि आयोगमा पदाधिकारी सिफारिस हुन्छ", बैठकपछि उहाँले भन्नुभयो, "शान्ति प्रक्रियाको भावना र कानुनी प्रक्रियालाई बुझ्ने खालका व्यक्तिको आयोग बनोस् भन्ने सबैको चाहना छ तर कस्तो व्यक्ति पठाउने दुई आयोगमा भन्ने कुरा

बाँकी अन्तिम पृष्ठमा ▶▶


## प्रहरी समायोजन नहुँदा प्रदेशको काम समेत प्रभावित बनेको छ : मुख्यमन्त्री पाण्डे

पोखरापत्र संवाददाता
पोखरा, १ कार्तिक



गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले प्रहरी समायोजन नहुँदा प्रदेश सरकारको काम समेत प्रभावित बनेको बताएका छन्। 'संवैधानिक व्यवस्था अनुसार प्रदेश स्तरमा प्रहरी समायोजन भईसक्नुपर्थ्यो' गण्डकी प्रदेश प्रहरी कार्यालयले बुधवार आयोजना गरेको ६९ औं प्रहरी दिवसको कार्यक्रममा उनले भने 'अहिले पनि २०१२ सालको ऐन देखाएर समायोजना गरिएको छैन।'

मुख्यमन्त्रीपाण्डेलेसंविधानको व्यवस्था र सङ्घीयताको मर्म अनुसार संघ सरकारले तत्काल प्रहरी समायोजन गर्नुपर्ने बताए । 'सुरक्षाकर्मीलाई साधन स्रोत सम्पन्न बनाउन, आधुनिक प्रविधिसँग दक्ष बनाउन राज्यले अहिले भईरहेको भन्दा लगानी बढाउनुपर्ने आवश्यकता छ' उनले भने 'त्यसकालागि प्रहरी समायोजन एउटा महत्वपूर्ण पाटो हो ।' गण्डकी प्रदेश सरकारले आफु मातहत नभएपनि प्रदेश भित्रका नागरिकको सुरक्षा, सेवा गरिरहेको सुरक्षाकर्मीलाई सहयोग गर्ने गरी कार्यक्रम र बजेट बिनियोजन गरेको उनले बताए। आर्थिक वर्ष २०८१/८२ मा कार्यन्वयन हुने गरी प्रदेश सरकारले प्रहरी चौकीहरु निर्माण, तालिम केन्द्रको संरचना, प्रहरी अस्पतालको भौतिक संरचना निर्माण सिसिटीभि जडान, घेराबार, र चौकीहरुको भौतिक पूर्वाधारका योजनामा १३ करोड ९५ लाख बजेट बिनियोजन गरेको छ । खोज तथा उद्धारमा प्रयोग हुने विपद् सामग्रीहरु हस्तान्तरण, तालिम, सचेतनामुलक कार्यक्रम, लागु औषध दुर्व्यसनी न्यूनिकरणका कार्यक्रम प्रदेश सरकारको सहयोगमाप्रदेशभरप्रहरीलेसंचालन गर्दै आएको मुख्यमन्त्री पाण्डेले बताए। 'यसलेपनि केही हदसम्म प्रहरीहरुको मनोवल उच्च राख्न र संगठनलाई चलायमान बनाउन मद्धत पुग्छ भन्ने अपेक्षा गण्डकी प्रदेश सरकारको रहेको छ' उनले भने । प्रहरीलाई राज्य र आम नागरिकलाई शान्ति सुरक्षा दिनुपर्ने गहन जिम्मेवारी छ । त्यसैलेपनि सुरक्षाकर्मीसँग नागरिकको अपेक्षा धेरै रहेको मुख्यमन्त्री पाण्डे बताए । प्रहरी कार्यालयमा आफ्ना पिर मर्का लिएर आउने सेवाग्राहीको गुनासो वा विवरण राम्रोसँग सुनिदिने र कार्यान्वयनमा जटिलता तथा झन्झट पैदा नगर्ने, पटक-पटक कार्यालय धाइरहनु पर्ने वातावरणबाट मुक्ति दिने, नागरिकहरुसँग शिष्ट व्यवहार गर्ने, आपत्कालीन सहयोग गर्ने जस्ता मानवीय कार्य लाई प्राथमिकतादिँदै अघि बढ्न सकेमा प्रहरीबाट नागरिकमा अझै प्रभावकारी सेवा पुग्ने उनले बताए । देशमा शान्ति सुरक्षा कायम राख्ने सवालमा मात्र नभई विपद्का बेलापनि नेपालमा सुरक्षा संयन्त्रहरुले निर्वाह गर्दै आएको भूमिकाको उनले प्रशंसा गरे । नागरिकलाई दुःख पर्दा राज्यको पहिलो उपस्थितीको प्रतिनिधित्व सुरक्षाकर्मीले गर्ने गरेको उनले बताए।



# धवलागिरिमा अस्ताए रुसी आरोही

पोखरापत्र संवाददाता
म्याग्दी, १ कार्तिक

"चार सहभागीहरूले थप आरोहण जारी राख्न अस्वीकार गरे। दश जना हिउँ चितुवाजस्ता सहभागीहरू धवलागिरि चुम्नका लागि अनुकूल मौसमको पर्खाइमा छौँ", रुसी पर्वतारोही अलक्जेन्डर डसिकाले सन् २०२४ को सेप्टेम्बर २३ अर्थात् यही असोज ७ गते सामाजिक सञ्जाल 'इस्टाग्राम'मा धवलागिरि चढ्दै गरेको तस्बिरसहित आरोहणसम्बन्धी जानकारी गराउनुभएको थियो।

संसारको सातौँ आठ हजार एक सय ६७ मिटर अग्लो धवलागिरि हिमाल आरोहणका लागि आएका १४ जना रुसी पर्वतारोहीको नेतृत्वकर्ता डसिकाको यो नै अन्तिम सन्देश बन्न पुग्यो। यही असोज २१ गते अर्थात् अक्टोबर ६ तारिखका दिनदेखि आरोही एकाएक सम्पर्कविहीन भएपछि समाजिक सञ्जालमा बधाई तथा शुभकामना दिइरहेका आफन्त तथा शुभेच्छुकहरू निराश बने।

धवलागिरिको चुचुरो चुम्न एक सय ६७ मिटरमात्र बाँकी रहेको अवस्थामा असोज २१ गते दिउँसो ११ बजे आधार शिविरमा रहेको टोलीलाई फर्कन लागेको जानकारी गराएका डसिकासहित पाँचजना आरोही सम्पर्कविहीन भएको दुई दिनपछि असोज २३ गते सात हजार एक सय मिटर उचाइमा मृतावस्थामा भेटिए।

अतिरिक्त अक्सिजनको प्रयोगबिना धवलागिरि आरोहण गर्न आएका डसिका, ओलेग क्रुग्लोभ, भाल्दिमिर किस्टिकोभ, मिखाइल नोसेन्को र दिमित्री स्पिलेभोइ अन्ततः धवलागिरिमै अस्ताए। हेलिकप्टर अवतरण गर्न र मानिस हिँडेर पुग्न नसकिने ठाउँमा खसेर ज्यान गुमाएका पाँचै जनाको शव दश दिनपछि बुधबार निकालिएको छ। एयर अल्टिच्युडको हेलिकप्टरबाट रसीमा झुण्डिएर घटनास्थलमा पुगेका सेभेन समिट ट्रेक्सका सञ्चालक मिङ्मा शेर्पासहितको टोलीले शव उठाएर इटली आधार शिविरमा ल्याएको थियो।

जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक भरत श्रेष्ठले आधार शिविरबाट शवलाई काठमाडौँस्थित शिक्षण अस्पतालमा लगिएको बताउनुभयो। "मौसमको खराबी र प्रतिकूल भूगोलका कारण घटनास्थलबाट शव सङ्कलन गरेर ल्याउन ढिलाइ भएको हो। यसअघि दैनिकजसो शव ल्याउन गएका हेलिकप्टर रित्तै फर्किएका थिए। उद्धारकर्ताहरूको अथक प्रयासपछि हेलिकप्टरबाट रसीमा झुण्डिएर शव ल्याउनुभयो", उहाँले भन्नुभयो। आइएम ट्रेकिङ एण्ड एक्सिपडिसनमार्फत १४ जना रुसी पुरुष पर्वतारोहीहरू धवलागिरि हिमाल आरोहणका लागि गएका थिए। सो टोलीका डेनिस एलेक्सोन्को र आर्टस्योम तेसेन्त्सेभिल्स्लीले भने धवलागिरिको सफल आरोहण गरेका आरोहण गराउने कम्पनी एक्सपिडिसनले जनाएको छ।

कम्पनीका अनुसार छ जना पर्वतारोही बीचमै आरोहण रद्द गरेर फर्किएका थिए। आरोही समूहका एकजना भालेरी शामालोलाई फस्ट क्याम्पबाट उद्धार गरी काठमाडौँ लगिएको थियो। चौथो क्याम्पमा पुगेपछि माथि जान अप्ठेरो भएका कारण उहाँले आरोहण रद्द गरेका जनाइएको छ। जिल्लाको धवलागिरि गाउँपालिका-४ पर्छ।

# विकासप्रेमी नेता खड्कालाई पोखरामा नागरिक अभिनन्दन

पोखरापत्र संवाददाता
पोखरा, १ कार्तिक



विकासप्रेमी नेता एवं पुर्व मन्त्री कुमार खड्कालाई पोखरामा नागरिक अभिनन्दन गरिएको छ।

पार्टी र विचार भन्दा माथि उठेर नागरिकका प्रत्यक्ष सरोकार र विकास निर्माणका क्षेत्रमा महत्वपुर्ण योगदान पुर्‍याएको भन्दै, पोखरा १६, तुम्केमा रहेको नमुना क्लवले नेता खड्कालाई विशेष कार्यक्रमका विच नागरिक अभिनन्दन गरेको हो।पोखरा १६ को प्रवेशद्वार केआई सिंह पुलदेखि महेन्द्र गुफासम्म बाजागाजा गरी खड्कालाई विशेष प्रकारले सजाईएको गाडीमा राखी र्‍याली सहित नगर परिक्रमा गराईएको थियो भने महेन्द्र गुफादेखि तुम्केसम्म पैदल यात्रा गरिएको थियो।

सडकका दायाँ वायाँ रहेका हजारौं सर्वसाधारण नागरिकले नेता खड्कालाई फुल, माला र अविर लगाएर सम्मान गरेका थिए भने सर्वसाधारणले आ आफ्नो घर अगाडी र चोक चोकमा फुलको घडा राखी स्वागत समेत गरेका थिए । र्‍याली र पैदल यात्रापछि आयोजित कार्यक्रममा खड्कालाई, वयोवृद्ध समाजसेवी सोमवहादुर गुरुङ, मुक्तिप्रसाद भट्टराई, वडाध्यक्ष अमृत शर्मा तिमिल्सीना र क्लवका अध्यक्ष मीनवहादुर गुरुङले अभिनन्दनपत्र प्रदान गरी सम्मान गनुभयो ।कार्यक्रममा पुर्व मन्त्री खड्काले जनताको मन जित्ने गरी आफुले कार्यकाल पुरा गरेको र अझै जनताको पक्षमा निरन्तर लागि रहने प्रेरणा प्राप्त गरेको वताउनुभयो।

क्लवका अध्यक्ष मीनवहादुर गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा क्लवका पुर्व अध्यक्ष एवं आजिवन सदस्य जीवन आचार्य, हिमालय क्लवका अध्यक्ष मोहनवहादुर थापा, क्लवका सहसचिव दिपकवहादुर केसी लगायतले वडाको समग्र विकासमा नेता खड्काले पुर्‍याएको योगदानको प्रशंसा गर्दै, जनप्रेमी नेताले सधैं नागरिकको मन जित्ने वताएका थिए। अन्य नेतालाई खड्काको सिको गर्न र देश तथा नागरिकको पक्षमा काम गर्न सुझाव समेत दिएका छन्।

संघीय सांसद हुँदा महिला, वालवालिका तथा समाज कल्याण मन्त्री र पछि गण्डकी प्रदेश सरकारका भौतिक योजना, पुर्वाधार विकास र यातायात व्यवस्था मन्त्री वनेका खड्काको कार्यकालमा पोखरा १६,१९ र २० नम्वर वडामा विकास निर्माण, खानेपानी, सामुदायिक भवन, महिला शसक्तिकरणका क्षेत्रमा निकै फड्को मारेको थियो। उहाँको कार्यकालमा २१ वटा पक्की पुल,१२ वटा झोलुङ्गे पुल,५५ दशमलव २५ किमि सडक कालोपत्रे,४९ दशमलव २ किमी सडक ग्रावेल भएका थिए भने १ अर्व २२ करोड राजश्व संकलन समेत भएको थियो।

अ म ल । विसौनी घार्मी आलेवारी सडक, घार्मीखोला अर्मलाकोट सडक, जुम्लेटी हरिपाउँ सडक लगायतका अधिकांश ग्रामिण सडकको स्तरोन्नती तथा कालोपत्रे, ढलान गर्न उहाँको भुमिका रहेको वताईएको छ। पोखराको यातायात व्यवस्थामा समेत खड्काको कार्यकालमा सुधार आएको वताईएको छ।पोखराका दुर्गम वडाको रुपमा परिभाषित भएका अधिकांश वडामा उनको कार्यकालमा भारी वजेट विनियोजन गरी विकासको नमुना प्रस्तुत गरेका थिए।

# मुस्ताङमा इन्टरनेसनल माउन्टेन आर्ट फेस्टिभल

पोखरापत्र संवाददाता
पोखरा, १ कार्तिक

हिमाल पारीको जिल्ला प्रसिद्ध पर्यटकीय गन्तव्य मुस्ताङमा प्रकृति, संस्कृति र सिर्जनशीलताको उत्सवका रूपमा यही कार्त्तिक २ गतेदेखि ८ गते सम्म साताव्यापी इन्टरनेसनल माउन्टन आर्ट फेस्टिभल हुँदैछ।

महोत्सवमा नेपालका श्रीजन राजकर्णिकार, एरिना ताम्रकार, हरेराम जोजू, एनबि गुरुङ, वाङ लामा, मनोज तामाङ, आकाश गुरुङ, ध्वज गुरुङ, नवीन नाल्बो लगायत थाइल्याण्ड, पोल्याण्ड, रुमानिया, इन्डोनेसिया, ताइवान, र भुटानका १६ जना कलाकारहरूले हिमाली क्षेत्रमा ततस्थानीय सजीव चित्रकला र सिर्जनात्मक प्रस्तुति दिने जनाइएको छ। महोत्सवमा काठमाडौं अन्तर्राष्ट्रिय पर्वतीय चलचित्र महोत्सव अन्तर्गत हुने फिल्म प्रदर्शनीले पर्वतीय समुदायको कथा र प्रकृतिको सौन्दर्यलाई सिनेमा माध्यमबाट प्रस्तुत गर्नेछ। फिल्म प्रदर्शनीले हिमाली जनजीवनको संघर्ष, सफलताका कथा र प्राकृतिक छटालाई पर्दामा उतार्नेछ, जसले दर्शकलाई हिमाली जीवनशैलीको अनभिज्ञ पक्षहरूसँग जोड्नेछ।

हिमाली क्षेत्रको भूगर्भीय विशेषता महोत्सवको अर्को आकर्षण हो। फोसिल हन्ट र स्टोन आर्ट कार्यक्रमले पुराना जीवाश्महरूको खोजी र त्यसमा आधारित कला सिर्जनालाई प्रोत्साहित गर्नेछ। हिमाली क्षेत्रको समृद्ध इतिहास र भूगर्भीय महत्वलाई कलात्मक रूपमा प्रस्तुत गर्नु यसको उद्धेश्य हो। महोत्सवमा संस्कृति र परम्परालाई जीवन्त राख्न स्थानीय सङ्गीत, नृत्य र साँस्कृतिक कार्यक्रमहरू पनि राखिएको छ। स्थानीय र अन्तर्राष्ट्रिय संगीतकारहरूले हिमाली क्षेत्रको शान्त वातावरणमा साँगीतिक प्रस्तुति दिँदै ध्वनि उपचार जस्तो पारम्परिक विधिको उपयोगले मानसिक र शारीरिक सन्तुलनको अनुभूति गराउन महत्वपूर्ण भूमिका खेल्ने छन्।

मुस्ताङ आर्ट प्रोजेक्टद्वारा आयोजित महोत्सवमा मुख्य प्रायोजकहरूमा रेडहाउस लज र थाङविल्ला रहेका छन्। महोत्सवलाई युरोपियन युनियनले सहयोग गरेको छ। मुस्ताङको प्राचीन साँस्कृतिक धरोहरलाई जगेर्ना गर्ने उद्देश्यले आयोजना गरिएको यो महोत्सवले नेपाललाई विश्व साँस्कृतिक क्षेत्रमा स्थापित गर्ने अभिप्राय राखेको छ। महोत्सवले हिमाली जीवनशैली, प्राकृतिक सौन्दर्य र साँस्कृतिक विविधताको महत्वलाई कलाको माध्यमबाट उजागर गर्दै स्थानीय पर्यटनलाई प्रोत्साहन गर्न, अन्तर्राष्ट्रिय स्तरमा नेपाली कला र संस्कृति प्रस्तुत गर्न, मुस्ताङ क्षेत्रलाई थप लोकप्रिय बनाउन महत्वपूर्ण भूमिका खेल्ने जनाइएको छ। महोत्सवले स्थानीय स्तरमा रोजगार सिर्जना गर्न, साँस्कृतिक सम्पदाको संरक्षणमा टेवा पुऱ्याउन र अन्तर्राष्ट्रिय स्तरमा नेपालको साँस्कृतिक पहिचानलाई मजबुत बनाउन सक्ने सम्भावना रहेको छ। प्रकृति, संस्कृति र कलालाई एउटै मञ्चमा प्रस्तुत गर्दा मानव र प्रकृतिको अनन्त सम्बन्धलाई अझ मजबुत बनाउन मद्दत पुऱ्याउने आयोजकले जनाएको छ। प्रकृति, संस्कृति र सिर्जनशीलता मिश्रित अद्वितीय महोत्सवले मुस्ताङलाई सिंगो विश्वको साँस्कृतिक केन्द्रको रूपमा चिनाउन मद्दत गर्नेछ। यो महोत्सव नेपालका लागि मात्र नभइ समग्र विश्वका कला प्रेमीहरूका लागि प्रेरणाको स्रोत बन्न सक्ने दावी आयोजकको छ।

# सञ्चारिका पत्रकारिता पुरस्कार दुर्गा र जमुनालाई

पोखरापत्र संवाददाता
पोखरा, १ कार्तिक

सञ्चारिका समूह गण्डकी प्रदेशले प्रदान गर्दै आएको सञ्चारिका पत्रकारिता पुरस्कार संस्थाका संस्थापक अध्यक्ष दुर्गा भण्डारी र पूर्व अध्यक्ष जमुना वर्षा शर्मालाई प्रदान गरिने भएको छ। सञ्चारिका पत्रकारिता पुरस्कार २०७९ बाट भण्डारी र २०८१ बाट शर्मालाई पुरस्कृत गरिने भएको हो।

नेपाल पत्रकार महासंघ कास्कीका पूर्व अध्यक्ष नारायण कार्कीको संयोजकत्वमा, वरिष्ठ सञ्चारकर्मी शान्ति गुरुङ र सञ्चारिकाका पूर्व अध्यक्ष सुष्मा पौडेल सदस्य रहेको छनोट समितिले दुवैलाई पुरस्कारका लागि सिफारिस गरेको हो। विसं २०५३ देखि जनआस्था साप्ताहिकबाट पत्रकारिता सुरु गरेकी भण्डारी यसअघि गजेन्द्र भण्डारी स्मृति पत्रकारिता पुरस्कार, प्रेस काउन्सिल महिला सशक्तीकरण पत्रकारिता पुरस्कार, 'प्रेस चौतारी पत्रकारिता पुरस्कारवाट सम्मानित भइसकेकी छिन्। भण्डारी प्रेस काउन्सिलका पूर्व सदस्य हुन्।

यस्तै २०५७ सालमा धवलप्रभात मासिकवाट पत्रकारिता सुरु गरेकी वर्षा यसअघि टंकादेवी तुलसीप्रसाद स्मृति पत्रकारिता पुरस्कार, प्रेस काउन्सिल महिला सशक्तीकरण पत्रकारिता पुरस्कार, रासस गण्डकी प्रदेश उत्कृष्ट सम्वाददाता पुरस्कार, पर्वतीय पर्यटन पत्रकारिता पुरस्कार जस्ता थुप्रै पुरस्कारवाट सम्मानित भइसकेकी छिन्। शर्मा नेपाल पत्रकार महासंघ कास्कीका उपाध्यक्ष हुन्।

पोखरा किन्डर गार्डेनका संस्थापक प्रधानाध्यापक कमला प्रधानले २ लाख रुपैंयाको अक्षयकोष राखी यो पुरस्कार स्थापना गरेकी हुन्।

पुरस्कारको राशि २० हजार र सम्मानपत्र छ। यस्तै, गुरुङ ब्युटी एकेडेमी जर्नालिज्म अर्वाड म्याग्दीकी देवी जिसीलाई प्रदान गरिने भएको छ। सोही छनोट समितिले सञ्चारिका समूह गण्डकीले प्रदान गर्दै आएको यो पुरस्कारका लागि जिसीलाई सिफारिस गरेको थियो। जिसी सञ्चारिका समुह नेपाल जिल्ला शाखा, म्याग्दीकी अध्यक्ष हुन् ।सौन्दर्य व्यवसायी चिनु गुरुङले गुरुङ ब्युटी एकेडेमीको नाममा यो पुरस्कार स्थापना गरेकी हुन्। पुरस्कारको राशि १० हजार रुपैयाँ र सम्मानपत्र छ।

## तीन दल ...

सिफारिस समितिले गर्नेछ।"

सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग गठन गर्न अघिल्लो सरकारले सिफारिस समिति बनाएको थियो। गत भदौ १३ गते राष्ट्रपतिबाट दुवै आयोगसम्बन्धी कानुनलाई संशोधन गर्ने विधेयक प्रमाणीकरण भएको थियो। बैठकमा प्रधानमन्त्री ओली, नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा, प्रमुख प्रतिपक्षी नेकपा (माओवादी केन्द्र) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड', गृहमन्त्री रमेश लेखक, नेकपा (माओवादी केन्द्र) का उपमहासचिव बस्नेत र महान्यायाधिवक्ता रमेश वडाल सहभागी हुनुहुन्थ्यो।

## पोखराको ...

काम गर्ने भएको उहाँले जनाउनु भयो। उक्त मेसिनबाट नगर सफा गर्ने, सडकको फोहोरलाई आफ्नो कन्टेनरमा जम्मा गरी हाइड्रोलिकको सहायताले अर्को भेइकलमा खन्याउने भएको छ। मेसिन केवल स्वीपरको रूपमा मात्र प्रयोग नभई लोडरको रूपमा समेत प्रयोग गर्न सकिने छ। यसले महानगरपालिकाको सफाइ अभियानलाई थप प्रभावकारी तथा दिगो बनाउन मद्दत गर्ने विश्वास गरिएको छ। हाल महानगरपालिकाले सडक सफाइका लागि ठुलो संख्यामा सफाइकर्मीहरू समेत परिचालन गरेको महानगरले जनाएको छ।


यसैबिच, उक्त मेसिनको पोखरा महानगरपालिकाका मेयर धनराज आचार्य र उपप्रमुख मन्जुदेवी गुरुङले केही दिन अघि शुभारम्भ गर्नुभयो।

# भाइटिकाको अघिल्लो दिन 'सिम्पानी साँझ'

पोखरापत्र संवाददाता
पोखरा, १ कार्तिक

पोखरामा क्रियाशिल त्रिशक्ति समाज सेवा क्लबले तेस्रो संस्करणको सिम्पानी साँझको आयोजना गर्ने भएको छ।

पोखरा महानगरपालिका १ सिम्पानी चोकमा तिहारको अवसर पारेर (भाइटिकाको अघिल्लो दिन) यही कात्तिक १७ गते साँझको आयोजना गरिने क्लबका सहसचिव प्रविण सुवेदीले जानकारी दिए। उनका अनुसार सो कार्यक्रममा तरेली साँस्कृतिक परिवार र स्थानीय कलाकारबाट विभिन्न जाति समुदायमा प्रचलित नृत्यहरु प्रस्तुत हुनेछन्। भने, 'मिलन एण्ड द ओभरेप्टर्स' ब्याण्डको कन्सर्ट हुनेछ। 'यो वर्ष तरेली साँस्कृतिक परिवारको विशेष नृत्य रहनेछ। यस्तै स्थानीय कलाकारहरुले पनि आफ्नो नृत्य प्रस्तुत गर्नेछन् भने, मिलन एण्ड द ओभरेप्टर्सले लाइभ प्रर्फमेन्स दिनेछ' उनले भने। उनले उक्त कार्यक्रमबाट बचत हुने रकम सामाजिक कार्यमा खर्चिने बताए। 'हामीले साँझबाट बचत भएको रकम सामाजिक कार्यमा खर्च गर्ने लक्ष्य छ, उनले भने, 'क्लबको भवन जीर्ण अवस्थामा छ यसको मर्मत गर्नुपर्नेछ। यस्तै लागुऔषधको विरुद्धमा सचेतनामूलक कार्यक्रम गर्ने योजना छ।' सिम्पानी साँझमा प्रवेश निशुल्क रहेको छ भने, सुरक्षाका लागि वडा प्रहरी बगरसँग समन्वय भइरहेको आयोजकले जनाएको छ। सो साँझको होस्ट पत्रकार सुशान्त गाहामगरले गर्नेछन्।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

केवल कर्महीन नै यतो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ। - गौतम बुद्ध

## सम्पादकीय

# अब ढिलाइ नगर

दशैंको अन्तिम दिन कोजाग्रत पुर्णिमाको दिन तीन राजनीतिक दल शान्ति प्रक्रियाको बाँकी काम टुंग्याउन गठन हुने भनिएको सर्च कमिटीलाई तत्काल पूर्णता दिने विषयमा सहमत भएका छन् । दशैंका कारण राजनीतिक मुद्दा ओझेल परेको बेला बिहीबार प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा बसेको शीर्ष तीन राजनीतिक दलका नेताको बैठकले शान्ति प्रक्रियाको बाँकी कामलाई पूरा गर्ने तर्फ अघि बढ्ने सहमति गरेको छ।

प्रधानमन्त्री केपी शर्मा ओलीले बोलाएको बैठकमा नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा र प्रमुख प्रतिपक्ष दल नेकपा (माओवादी केन्द्र) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड', गृहमन्त्री रमेश लेखकलगायत शीर्ष नेता सहभागी थिए । बैठकमा शान्ति प्रक्रियालाई टुङ्गोमा पुऱ्याउने विषयसँग जोडिएका सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिहरुको छानबिन आयोग गठनलगायतका विषयमा छलफल भएको नेकपा (माओवादी केन्द्र)का नेता शक्तिबहादुर बस्नेतले जानकारी दिएका छन।

छलफल शान्ति प्रक्रियाका बाँकी काम टुंग्याउने विषयमा सम्बन्धित रहेको र सत्य निरुपण तथा मेलमिलाप आयोग गठन सम्बन्धी अघिल्लो सरकारको पालामा सर्च कमिटी गठन गरिएको तर पूर्णता पाउन नसकेको अवस्था रहेकाले अहिले सर्च कमिटीलाई तत्काल पूर्णता दिएर आयोग गठनको प्रक्रिया अघि बढाउने भन्नेबारेमा शीर्ष तीन दलका नेता सहमत भएको बस्नेतको भनाइ छ। संक्रमणकाली न्यायसम्बन्धी कानुनको नियमावली पनि पीडितमैत्री बनाउनु पर्नेछ । 'कानुन राम्रो आएकाले नियमावली पनि पीडितमैत्री आउनु पर्छ। आयोगका पदाधिकारी दलीय प्रभावमा नपर्ने सक्षम व्यक्ति आउनुपर्ने हुन्छ। ' आयोगमा सक्षम व्यक्ति आउनुपर्छ।

ऐन, नियमावलीका आधारमा काम गर्न सक्ने आउनुपर्छ।'आयोग विश्वसनीय बन्नुपर्छ । पीडितमैत्री भएर काम गर्न सक्नुपर्छ । ६४ हजार उजुरी निरुपण गर्न सरकार र माओवादीको सघन सहयोग हुनुपर्छ। 'राज्यको सहयोग भएन भने यो टुंगोमा पुग्दैन। सरकार र सम्बन्धित दलको सहयोग हुनुपर्छ,। 'सबै पक्षको ध्यान पीडितलाई न्याय दिन केन्द्रित हुनुपर्छ ।' आयोगको प्रतिवेदन अनुसार हालसम्म सत्य निरुपण छानबिनका लागि ६४ हजार उजुरी दर्ता भएका छन् । आयोगले साँच्चिकै न्याय निरुपण, बेपत्ता नागरिकको खोजबिन गर्न मुख्यगरी प्रमुख दलबीच राजनीतिक इच्छाशक्ति चाहिन्छ । 'कानुनलाई कार्यान्वयन गर्ने इच्छाशक्ति दलहरूमा हुनुपर्छ । त्यही भावना अनुसार आयोगका पदाधिकारीले काम गर्नुपर्छ।, 'सत्य निरुपण र बेपत्ता पारिएका व्यक्तिको खोजबिन गर्न सम्बन्धित दलको पूर्ण प्रतिबद्धता आउनुपर्छ ।' 'संक्रमणकालीन न्याय सम्पादनलाई टुंगोमा पुऱ्याउन प्रमुख दलबीच सहमति भएको हुँदा अब ढिलाइ गर्ने छुट कसैलाई छैन।

# बन्दीपुर आउने पर्यटकलाई स्थानीय परिकारले सत्कार

**पोखरापत्र संवाददाता**
तनहुँ, १ कार्तिक

पहाडकी रानीका रूपमा परिचित बन्दीपुर आउने पर्यटकका लागि स्थानीय मौलिक परिकारले सत्कार गर्न थालिएको छ । बन्दीपुर गाउँपालिका कार्यालयले परम्परागत बाली संरक्षणाई प्राथामिकता दिएसँगै पाहुनाका लागि स्थानीय परिकारले सत्कार गर्न सहज पनि भएको छ।

तोरी, कोदो, फापर, पिँडालु, साग, मुसुरोलगायत बाली लगाएर आयआर्जन वृद्धि तथा बालीको संरक्षणका लागि गाउँपालिकाले अनुदानका कार्यक्रमलाई निरन्तरता दिँदै आएको छ । यी उत्पादन बन्दीपुर आउने आन्तरिक तथा बाह्य पर्यटकले रुचाएकाले तिनको प्रवर्द्धनमा लागेको बन्दीपुर गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापाले बताउनुभयो । स्थानीय किसानको आयआर्जन वृद्धि गर्न अनुदान कार्यक्रम सञ्चालन गरिएको हो । अनुदान कार्यक्रमअन्तर्गत यसवर्ष पनि किसानको ५० प्रतिशत लागत सहभागितामा बीउमा अनुदान, मेसिनरी सहयोग, प्राविधिक ज्ञान तथा बिक्रीको व्यवस्था गरिएको अध्यक्ष थापाले बताउनुभयो । तोरीको लागि तीन लाख, मुसुरोलाई दुई लाख ५० हजार, कोदोलाई छ लाख र ज्योत्ने, पिस्ने, पेल्ने मेसिनरी औँजारको लागि दश लाख अनुदान प्रदान गर्न पालिकाले रकम विनियोजन गरेको छ । तोरीखेती गरेको स्थानमा मौरीपालन गरी दोहोरो आम्दानी गर्न सकिने भएकोले मौरी पालनको लागि छ लाख विनियोजन गरिएको अध्यक्ष थापाले जानकारी दिनुभयो । अध्यक्ष थापाले भन्नुभयो,"मिलको अभाव भएकोले कोदो र तोरी किसानले लगाउन छाडेकाले मेसिनरीमा अनुदानको व्यवस्था गरेका छौँ, यसले जमिन बाँझो हुने क्रम रोक्न र रैथानै बाली संरक्षण हुने देखेर कार्यक्रम सञ्चालन गरेका हौँ" ।सहकारी, किसान समूहलाई कार्यक्रममा सहभागी हुन सूचित गरिएको गाउँपालिकाले जनाएको छ । यो कार्यक्रमबाट तोरी, मुसुरो र कोदोमा आत्मनिर्भर बन्न सहयोग पुग्ने अपेक्षा गाउँपालिकाले गरेको अध्यक्ष थापाले बताउनुभयो । यहाँका जैविक उत्पादन बेच्न बन्दीपुरमा कोसेली घर नै सञ्चालन भएको छ।

# हिमालय क्लवले विभिन्न कार्यक्रम गरी स्थापना दिवस मनाउने

**पोखरापत्र संवाददाता**
पोखरा, १ कार्तिक



पोखराको सामाजिक संस्था हिमालय क्लव, वाटुलेचौरले विभिन्न कार्यक्रम गरी २८औं स्थापना दिवस मनाउने भएको छ।

क्लवले विहीवार एक कार्यक्रमका विच यही कार्तिक २२ गते स्थापना दिवस मनाउने गरी तयारी शुरु गरेको जनाएको छ ।दिवसका अवसरमा २७ औं रक्तदान तथा चियापान कार्यक्रम गर्ने र सोही दिन क्लवद्वारा संचालित स्व. नरहरि देवकोटा स्मृति समाजसेवा पुरस्कार वितरण, सावित्री लिलाधर उत्कृष्ट कृषक पुरस्कार तथा विपन्न एकल महिला सहयोग वितरण सहित विभिन्न साँस्कृतिक कार्यक्रम गरिने क्लवका अध्यक्ष मोहनवहादुर थापाले जानकारी दिनुभयो । सो कार्यक्रम सम्पन्न गर्न द्वितीय उपाध्यक्ष प्रकाश थापाको संयोजकत्वमा मुल समारोह समिति गठन गरिएको छ। क्लवले समाजसेवा पुरस्कारका लागी पुर्व अध्यक्ष जीवनारायण श्रेष्ठको संयोजकत्वमा निवर्तमान अध्यक्ष सुशील वस्नेत, पुर्व अध्यक्ष ताराप्रसाद तिमिल्सीना, सल्लाहकार खिमलाल अधिकारी र संस्थापक मध्यवाट यादवचन्द्र देवकोटा सदस्य रहने गरी छनौट समिति, कृष्णप्रसाद अधिकारी र प्रभा कोइरालाले स्थापना गर्नुभएको कृषक पुरस्कारका लागी, प्रथम उपाध्यक्ष पुष्पराज अधिकारीको संयोजकत्वमा सहसचिव मनु वस्नेत र लक्ष्मी श्रेष्ठ सदस्य रहेको छनौट समिति गठन गरिएको अध्यक्ष थापाले वताउनुभयो ।समाजसेवा पुरस्कारको राशी नगद १५ हजार, सल र सम्मानपत्र रहेको छ । सो पुरस्कार यसअघि उद्योगपति गणेश वहादुर श्रेष्ठ, तेज वहादुर गुरुङ, लायन स्व. गोविन्द वहादुर केसी, अग्रज भलिवल खेलाडी स्व. उदय वहादुर वस्नेत, सिद्धार्थ क्लव र नव आर्दश सामुदायिक विकास संस्थालाई प्रदान गरिएको थियो । वि.सं. २०५४ साल कार्तिक १२ गते स्थापना भएको क्लवले यही कार्तिक १२ गते क्लव प्राङ्गणमा साँझ दिप प्रज्वलन गर्ने सचिव तुल वहादुर वस्नेतले जानकारी दिनुभयो।

क्लवको वैठकले ९ सदस्यीय सल्लाहकार समिति समेत गठन गरेको छ। जसमा राजेन्द्र वहादुर देवकोटा,खिमलाल अधिकारी,कुमार श्रेष्ठ, चित्र वहादुर थापा, गुरुदत्त भट्टराइ, दुर्गा केसी थापा, राजकुमारी वानियाँ, कानुनी सल्लाहकार अधिवक्ता शालिग्राम भट्टराइ, र पदेन सल्लाहकारमा वडाध्यक्ष अमृत शर्मा तिमिल्सीना रहेका छन्।

हालै निवार्चित क्लवको समितिले विभिन्न क्षेत्रलाई समेट्ने गरी वार्षिक कार्य योजना तय समेत गरेको वताईएको छ।

# पर्यटकीय स्थल सोवाङमा ड्रममा पानी भण्डारण

**पोखरापत्र संवाददाता**
म्याग्दी, १ कार्तिक

दृष्यावलोकनका लागि म्याग्दीको नयाँ गन्तब्यको रूपमा विकास हुन थालेको रघुगंगा गाउँपालिका-७ चिमखोलाको सोवाङ धुरी वरपर खानेपानीको मुहान छैन्।

सुख्खा याममा सोवाङ घुम्न जाने पर्यटकहरूले पिउन, खाना पकाउन र सरसफाइका लागि करिब दुई तल तल रहेको आलेखर्कबाट ग्यालीन र बोत्तलमा पानी बोकेर लैजाने गर्छन् । पानी बोकेर उकालो चढ्नुपर्ने समस्या हटाउन सोवाङ धुरीमा पानी संकलन र भण्डारण गर्न ड्रम राखिएको छ । चिमखोला घर भई हाल पोखरामा बसोबास गर्नुहुने तारा गर्बुजा पुन र गोपिन पुनले सोवाङ धुरीदेखि दुई सय मिटर तल क्याम्पीङ गर्ने ठाउँ नजिकै पाँच/पाँच सय लिटर क्षमताको दुई वटा ड्रम राख्नुभएको हो । "उच्च स्थानमा रहेको सोवाङ धुरीको नजिकै पानीको मुहान नभएकाले धेरै तलबाट पानी बोकेर लैजानुपर्ने समस्या हटाउन व्यक्तिगत लगानीमा चिमखोलाको ८ र ९ नम्बर टोलका प्रतिनिधी सहित पुगेर ड्रम राखेको हो," उहाँले भन्नुभयो "हिउँ पग्लीएर र आकाशको पानी ड्रममा सङ्कलन हुने ब्यवस्था मिलाएका छौ। पर्यटकका साथै गोठालालाई सुविधा पुगेको छ।" म्याग्दी र मुस्ताङलाई जोड्ने धौलागिरि आइसफल पदमार्गमा समेटिएको समुन्द्रि सतहदेखि तीन हजार आठ सय ४० मिटर उचाईमा रहेको सोवाङ धुरीबाट संसारको सातौ आठ हजार एक सय ६७ मिटर अग्लो धवलागिरि हिमालको फेददेखि चुचुरो सम्मको दृष्यावलोकन गर्न पाउनु मुख्य विशेषता हो।

सुर्योदयका साथै गुर्जा, धवलागिरी, अन्नपूर्ण, निलगिरि, मानापाथी, टुकुचे, माछापुच्छे र मनास्लु हिमशङखलाको अवलोकन गर्न सकिन्छ। बाग्लुङ बजार, ढोरपाटन शिकार आरक्ष, पुनहिल, मोहरेडाडा, मुल्डे, खोपारा, टोड्केका साथै म्याग्दी र पर्वत जिल्लाका ग्रामिण वस्ती, पहाडी भूगोलको मनोरम दृष्य देखिने चिमखोलाका वकिल पुनले बताउनुभयो । सोवाङ धुरी जाने पदमार्गमा पर्ने जंगलमा घोरल, मृग लगायत जनावर र पाँच औले, सेदक चिनी लगायत जडिवुटीहरू अवलोकन गर्न सकिने उहाँले बताउनुभयो । चिमखोलाको मण्डली युवा क्लवले चिमखोलादेखिपात्लेखेत-जसलाङ-सिजिखोला- सिजिखर्क- थामखर्क- खोलाखर्क- सिसर्का- तल्लोमेला- उपल्लोमेला- आलेखर्क- नेपाने हुदै सोवाङ धुरी जोड्ने पदमार्ग पहिचान गरेका छन् । सोवाङ धुरीबाट रघुगंगा गाउँपालिकाको बेगखोला, अन्नपूर्ण गाउँपालिकाको दोवा, भुरुङ तातोपानी, दाना र मुस्ताङको लेते जान सकिन्छ। चिमखोला देखि हिड्न सक्ने एक दिन र विस्तारै हिडेर दुई दिनमा सोवाङ धुरीमा पुग्न सकिन्छ। अघिल्लो पुस्तासम्म चिमखोलाबासीहरू बर्खा याममा गाईभैसी र भेडाबाख्राको गोठ लिएर सोवाङधुरी पुग्ने र हिउँदमा गाउँ नजिकैको बेशीका फाँटमा झर्ने गर्दथे। नयाँ पहिचान भएको पदमार्ग र सोवाङ धुरीको प्रचारप्रसारका लागि 'दृश्यावलोकन केन्द्र' स्थापना गरिएको क्लवका अध्यक्ष प्रविन बुढाले बताउनुभयो । "पूर्वाधार र प्रचारप्रसारको कमीले प्रशस्त सम्भावना भएर पनि सोवाङधुरी ओझेलमा परेको छ," उहाँले भन्नुभयो "पूर्वाधार निर्माणमा पहल, प्रचारप्रसार र प्रर्वद्धनमा जुटेका छौ।" व्यवस्थित पदमार्ग, आश्रयस्थल नभएकाले वन्दोबस्तीका सामान सहित जानुपर्छ। सोवाङ धुरी जाने पर्यटकहरू नजिकैको ओडारमा बास बस्ने गरेका छन् । पोखराका पर्यटन व्यवसायी गर्बुजाले सोवाङ धुरीमा शौचालय निर्माण गर्ने योजना बनाउनुभएको छ । आश्रयस्थल निर्माण, खानेपानीको व्यवस्थापन र पदमार्गमा संकेत चिन्हहरू बनाउन आवश्यक छ । टुरिजम एजेन्सिज अफ पश्चिमाञ्चल क्षेत्रीय च्याप्टर' (टान), तत्कालीन जिल्ला विकास समिति म्याग्दीको अगुवाइमा २०६८ सालमा म्याग्दीको गलेश्वर-राखुभगवती हुँदै धौलागिरि आइसफल पदमार्गको अध्ययन गरिएको थियो । यस पदमार्गले म्याग्दीको रघुगङ्गा गाउँपालिकाको पिप्ले, भगवती, बेगखोला, दग्नाम, चिमखोला, कुइनेमङ्गले, अन्नपूर्ण गाउँपालिकाको दोबा, भुरुङ तातोपानी, दानालगायतका ठाउँको उच्च पहाडी डाँडाको धुरी हुँदै मुस्ताङको लेते जोडिएको छ।

# दुर्गा मन्दिरमा क्षेत्री समाजको कलश यात्रा र महाआरती

**पोखरापत्र संवाददाता**
पोखरा, १ कार्तिक




क्षेत्री समाज नेपाल पोखरा-१६, ले धार्मिक विधी पुर्वक वडाभित्र रहेका शक्तिपिठमा कलश यात्रा सहित महाआरती गरेको छ।

वाटुलेचौरमा रहेका चण्डीका, कालिका र अम्विका मन्दिरमा विहीवार फुलपातीको दिन विहान कलश यात्रा सहित शुभकामना आदान प्रदान, चियापान र साझँ महाआरती गरिएको समाजका निवर्तमान अध्यक्ष सन्दीप थापाले जानकारी दिनुभयो । विभिन्न जातजाति र समुदायको समवन्यमा चण्डीका मन्दिरवाट शुरु भएको कलश यात्रा गणेश मन्दिर, अम्विका मन्दिर,राजँपधेरा हुँदैं कालिका मन्दिरमा पुगेर शुभकामना तथा चियापान कार्यक्रममा परिणत भएको थियो । थापाका अनुसार कलश यात्रामा तमु, मगर, तामाङ, गन्धर्व सहित विभिन्न आठ वटा जातिय समुदाय र २० वटा संघ, संस्था व्यानर सहित आआफ्नो जातिय भेषभुषामा सहभागीता जनाएका थिए। कलश यात्रामा अर्मलाकोटले नौमति वाजा तथा शुक्ला भजन समुह, विश्व हिन्दु महासंघ, परोपकार महासंघले झाँकी सहित भजन चुड्का प्रस्तुत गरे । कलश यात्रा पछि आयोजित शुभकामना आदानप्रदान कार्यक्रममा वडा सदस्य मञ्जु नेपाली, क्षत्री समाजका सल्लाहकार वेनीवहादुर वस्नेत, केन्द्रिय महिला समितिका कोषाध्यक्ष सिर्जना थापा, हिमालय क्लवका अध्यक्ष मोहन थापा, कालिका मन्दिर तथा कोत मामलियत व्यवस्थापन समितिका अध्यक्ष दुर्गा केसी थापा, शुक्ला साहित्य प्रतिष्ठानका सदस्य रामप्रसाद पौडेल घर्मेली, राष्टिय परोपकार महासंघका वडा अध्यक्ष होमनाथ पौडेल, आत्मज्ञान प्रचार संघका दिपेन्द्र गौतम, हिमालय योग साधना केन्द्रका विना केसी लगायतले यस्ता कार्यक्रमले जातिय एकता र धार्मिक सदभाव बढाउने वताउँदै, सत्विचारले नै समाज असल वन्ने धारण राखे । कार्यक्रममा सहभागीले एक आपसमा शुभकामना आदान प्रदान समेत गरेका थिए। समाजले साँझ वैदिक विधी पुर्वक मन्दिर व्यवस्थापन समितिको समवन्यमा चण्डीका मन्दिरमा महाआरती गरेको छ। अष्टमीका दिन शुक्रवार साँझ कालिका मन्दिरमा महआरती गरिने र विभिन्न समुदाय, आमा समुह तथा टोल विकास संस्थाले सहयोग गर्ने सचिव गोविन्द वहादुर थापाले वताउनु भयो । यसअघि वाटुलेचौरमै रहेको हिमालय क्लवले घटस्थापनाको दिन देखि नै कालिका मन्दिरमा विभिन्न संघ संस्थासँगको समन्वयमा विहान दुर्गा पुजा र साँझ आरती गरिरहेको छ । समाजका सचिव थापाले संचालन गर्नुभएको कार्यक्रम कार्यवाहक अध्यक्ष रामशरण वानियाँको अध्यक्षतामा भएको थियो।

# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : ब्यापारमा लाभ |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : झमेला बड्ने |
| कर्कट | : आर्थिक समस्या | मकर | : कार्यमा सफलता |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : शुभ यात्रा |
| कन्या | : मानसिक तनाब | मीन | : स्वास्थ्यमा सुधार |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

**गण्डकी प्रदेश सरकार**
**मातृशिशु मितेरी अस्पताल**
**पोखरा, कास्की**

**चमेनागृह संचालन गर्ने सम्बन्धी सिलवन्दी दरभाउपत्र आव्हानको सूचना ।**

**(प्रथम पटक प्रकाशित मिति २०८१/०७/०२)**

यस अस्पतालको हाताभित्र बनेको चमेना गृहको आ.व. २०८१/०८२ र २०८२/०८३ सम्म (दुई आर्थिक वर्ष) को लागि मासिक भाडा रु.२२०००।- (अक्षेरुपी बाइस हजार रुपैया मात्र) कायम गरिएको र उक्त चमेना गृह सञ्चालन गर्नुपर्ने भएकोले अस्पतालले तय गरेका कार्यक्षेत्रगत शर्तहरुको अधिनमा रहि संचालन गर्न योग्यता पुगेका ईच्छुक फर्म/कम्पनीबाट शिलवन्दी दरभाउ पत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयमा यस अस्पतालबाट उपलब्ध गराईएको दरभाउपत्र खरिद गरि नियमानुसार दर्ता गर्नुहुन् सूचित गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस अस्पतालको वेभसाइड https://msmhospital.gov.np हेर्नुहुन् वा यस अस्पताल प्रशासन शाखामा सम्पर्क गर्न सकिनेछ।

**मेडिकल सुपरिटेन्डेन्ट**

# सहकारीमार्फत दूधको बजारीकरण भएपछि किसान उत्साहित

**खेमराज गौतम**
बागलुङ, १ कार्तिक/रासस

जिल्लाका दुग्ध उत्पादक किसान करोडौँ रुपैयाँ गाउँ भित्र्याउन सफल भएका छन् । हरेक उपभोग्यवस्तु सहरबाट खरिद गर्नुपर्ने अवस्थाका बीच यहाँ दुग्ध किसान भने उल्टै सहरको पैसा गाउँ भित्र्याउन सफल भएका हुन् ।

सहकारीमार्फत दूध सङ्कलन, प्रशोधन र बजारीकरण गरी यहाँका किसानले आर्थिक वर्ष २०८०/८१ मा मात्रै रु सात करोड बढी रकम गाउँ भित्र्याएका थिए । जिल्लाको काठेखोला र बागलुङ नगरपालिकाका किसानले दूध बिक्री गरेर एक वर्षमै रु सात करोड ४८ लाख १७ हजारको कारोबार गरेपछि स्थानीयसमेत उत्साहित भएका छन् । यी दुई पालिकामा मात्रै १४ वटा दुग्ध सहकारी संस्था छन् । तिनमा आबद्ध भएर किसानले आफ्नो उत्पादनलाई बजारीकरण गर्दा आम्दानी गर्न सफल भएका हुन् । काठेखोला गाउँपालिका-५ का केशवप्रसाद कँडेलले दूध उत्पादन गर्न सके जुनसुकै समयमा सहकारीले बजारीकरणको जिम्मा लिने भनेर आश्वस्त पारेपछि आफूजस्ता किसानलाई निकै सहज भएको बताउनुभयो ।

सोही गाउँपालिका-६ स्थित नमूना दुग्ध उत्पादक सहकारी संस्थाका शेयर सदस्यहरूले मात्रै दैनिक तीन सय ५० लिटर दूध बजारमा पठाउने गरेका छन् । दुग्ध किसान मणिभद्र कँडेलले आफूहरूले उत्पादन गरेको दूध सङ्कलन, प्रशोधन र बजारीकरणको ग्यारेण्टी भएपछि जोडतोडका साथ उत्पादन वृद्धिमा लागेको बताउनुभयो । "विगतमा दूध धेरै उत्पादन भएपछि त्यसै खेर गएको अनुभव हामीसँगै छ । दूधलाई प्रशोधन नगरे टिक्दैन, बजारसम्म पुऱ्याउन समय लाग्छ, बजार टाढा छ, फेरि दुई-चार लिटर दूध बजार पुऱ्याउन पनि गाह्रो । त्यसैले सहकारीमार्फत व्यवस्थापनको काम भएपछि हामी ढुक्क भएका छौँ", उहाँले भन्नुभयो, "अब किसानले दूध उत्पादन बढाउने र सहकारीले बजारीकरण गर्ने भएपछि सदाको चिन्ता अन्त्य भएको छ । त्यसैमा दूध ढुवानी तथा घाँस ढुवानीमा अनुदान र पशु बीमा कार्यक्रम लागू भएपछि व्यवसाय पनि सुरक्षित भएको छ ।" चौध सहकारीका शेयर सदस्य किसानले गाउँ-गाउँमा सङ्कलन गरेको दूध एकमुष्ट बागलुङ दुग्ध उत्पादक सहकारी सङ्घले सङ्कलन, प्रशोधन तथा बजारीकरण गर्दै आएको छ । सङ्घले एक आर्थिक वर्षमा मात्रै १४ सहकारीका शेयर सदस्य किसानबाट रु सात करोड ४८ लाख १७ हजारको दूध खरिद गरेको अध्यक्ष दीपक गौतमले बताउनुभयो । यी सहकारीमा आबद्ध करिब एक हजार चार सय किसानले एक वर्षमै उक्त रकम पाएको उहाँले बताउनुभयो ।

त्यस्तै निःशुल्क दूध ढुवानी, पशुधन सुरक्षण कार्यक्रम, घाँस ढुवानी, बीमा र पशु औषधि वितरणले किसानलाई थप लाभ मिलेको र यसले दूधमा आत्मनिर्भर जिल्ला बनाउन ठूलो सहयोग पुगिरहेको अध्यक्ष गौतमको भनाइ छ । "किसानहरूले दूध उत्पादन गर्ने तर बजारको सुनिश्चितता नहुने मुख्य समस्या थियो । दूध भण्डारण, प्रशोधनमा ध्यान नदिँदा दूध बिग्रेर जाने समस्या थियो, जसले गर्दा किसानले यस क्षेत्रमा लगानी गर्न सकिरहेका थिएनन् । हामीले बजारको ग्यारेण्टी गरेपछि समस्या समाधान भएको छ", उहाँले भन्नुभयो, "किसान बिचौलियाको मारमा पर्ने समस्या पनि हटेको छ । हाल किसानबाट सङ्कलन गरेको तीनदेखि चार हजार लिटर दूध दैनिक बजारीकरण हुने गरेको छ ।" विसं २०५७ मा स्थापना भएको सहकारी सङ्घमा हाल १६ जनाले प्रत्यक्ष रोजगारीसमेत पाएका छन् । दूधलाई सङ्कलन, बिक्री, बचेको दूधको दुग्धजन्य पदार्थ घ्यू, नौनी, छुर्पी, लस्सी, पनिर र आइसक्रिम बनाएर बिक्री गर्ने काम पनि भइरहेको सङ्घका सचिव गोविन्दप्रसाद सापकोटाले जानकारी दिनुभयो । सङ्घले दूधसहित नौ प्रकारका दुग्धजन्य परिकार बिक्री तथा वितरणसमेत गर्दै आएको उहाँले बताउनुभयो । "यो एक अभियान पनि हो । यसबाट किसानको घरमा सोझै रकम पुग्ने गरेको छ । केहीले गाउँमै रोजगारी पाएका छन् । गत आर्थिक वर्षमा सङ्घले रु ८० लाख ६१ हजार खुद बचत गर्न सफल भएको थियो । सो रकमबाट किसानको पशु बीमा, दूध तथा घाँस ढुवानी र पशु प्रवर्द्धनात्मक काममा लगानी गरिरहेका छौँ", सचिव सापकोटाले भन्नुभयो ।

# आर्थिक समाज नेपाल कास्कीको साधारण सभा तथा सामाजिक लेखाजोखा कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, १ कार्तिक



आर्थिक समाज नेपाल, कास्कीको सातौं बार्षिक साधारण सभा, सामाजिक लेखाजोखा कार्यक्रम संस्थाका अध्यक्ष कृष्णकुमार लामिछानेको सभापतित्व तथा पोखरा बन क्याम्पस पोखराका सह प्राध्यापक श्रीकान्त खतिवडाको प्रमुख आतिथ्यतामा मिति २०८१ आश्विन ३० गते बुधबार सम्पन्न भएको छ ।

संस्थाका सदस्य बिष्णु हमालले स्वगत गर्नुभएको उक्त कार्यक्रममा सचिव भिम प्रसाद उपाध्यायले आ.ब. २०८०/०८१ को बार्षिक प्रगति प्रतिबेदन र आ.ब. २०८१ र ०८२ को नीति तथा कार्यक्रम पेश गर्नु भएको थियो र कोषाध्यक्ष शिलु चालिसेले पेश गर्नुभएको आ.ब.२०८०/०८१ को आर्थिक आय र ब्ययको बिबरण तथा आ.ब. २०८१ र ०८२ को अनुमानित बजेट तथा कार्यक्रम सर्बसम्मतबाट पारित गरेको छ । यस कार्यक्रमका प्रमुख अतिथि तथा संस्थाका सल्लाहाकार सह प्राध्यापक डा. श्रीकान्त खतिवडाज्यूले हाल सम्म यस संस्थाले गरेका राम्रा राम्रा गतिबिधिहरुको प्रशंसा गर्नुभयो । वहाँले थप बिश्लेषण गर्दै भन्नुभयो हाल नेपालमा लिक्यीडिटि बढेको अबस्थाले ब्याज दर घटेको छ तर लगानी कर्ताहरु ढुक्कसंग लागानी गर्न हिचकिचाई रहेका छन्, यसको एउटा मुख्य कारण अस्थिर सकार र सरकारले गरेका गतिबिधिबाट लगानी कर्ताहरु बिश्वस्त नहुनु पनि हो । नेपाल सरकारका वडा, पालिका, प्रदेश र संघ स्तरमा बैज्ञानिक र प्रगतिशिल कर प्रणलीको ज्ञानको कमि छ, बजेट तर्जुमा गर्नु अगाडि ध्यान दिनु पर्ने मौद्रकि तथा बित्तिय नीतिको आवश्यक ज्ञानको कमि छ, जसले गर्दा भौतिक र सामाजिक बिकासले गति लिन सकेको छैन तसर्थ यस्ता आवश्यक ठाउँहरुमा यस आर्थिक समाजमा आवद्ध अर्थशात्रीहरुले सहजीकरण गर्दै आगामी दिनहरुमा पनि यस संस्थाले, प्रादेशिक तथा स्थानिय, पालिका तहहरुमा बैङ्किङ, आर्थिक, कृषि, पर्यटन क्षेत्र लगायतका योजना तर्जुमा कार्यक्रममा एवं अनुगमन तथा मुल्याङ्कन जस्ता बिषयहरुमा सहयोग पुराउनु पर्ने सुझाब दिनु भएको थियो ।

यदि यसो गरिएन भने देशमा अझै आर्थिक अस्थिरता बढ्दै जाने, नेपालीहरुले रेमिट्यान्समा आधारित गृह ब्यबस्थापनमा रहनुपर्ने, स्वदेशि मुद्रा बिदेशीदै जाने, बैदेशिक मुद्राको सञ्चिति बारम्बार घट्दै जाने हुन्छ, अनि नोटबन्दी गर्नु पर्ने अवस्था आउन पनि सक्छ भन्नुभयो । संस्थाका महासचिव रमेशबहादुर खड्काले सञ्चालन गर्नुभएको यस कार्यक्रमलाई अध्यक्ष कृष्णकुमार लामिछानेले समापन गर्नु भएको थियो र उक्त कार्यक्रममा बिभिन्न सरोकारवालाहरु संग अन्तरक्रिया गरी संस्थाका गतिबिधिका बारेमा सामाजिक लेखाजोखा समेत गरिएको थियो ।

# आँबुखैरेनीका महिला सयपत्री उत्पादनमा

**रासस**
दमौली, १ कार्तिक

यहाँका आँबुखैरेनी गाउँपालिका–१ का महिला सयपत्री फूल उत्पादनमा जोडिएका छन् ।

यान्चोक लघुउद्यम महिला सङ्घमा आवद्ध यहाँका महिलाहरू फूल उत्पादनमा जोडिएका हुन् । पछिल्लो समय यहाँ उत्पादित फूलमार्फत महिलाहरूलाई आत्मनिर्भर बन्न सघाउ पुगेको बताइएको छ । गत वर्षदेखि उहाँका महिलाहरूले सङ्गठित रूपमा सयपत्री उत्पादन गर्न थालिएको र त्यसको बजारीकरणका लागि देश तथा विदेशमा निर्यातको पहल भइरहेको गाउँपालिका कृषि शाखा प्रमुख सन्तोष केसीले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "सयपत्री फूलको बजारीकरणमा हामीले सघाउँदै आएका छौँ । कतारलगायत अन्य देशमा पनि पठाउन सकिन्छ कि भनेर समन्वय गरिरहेका छौँ ।" यहाँका महिलाले गत वर्ष २२ रोपनी क्षेत्रफलमा सयपत्री फूलखेती गरेकामा राम्रो प्रतिक्रिया पाएपछि यसपटक दोब्बर क्षेत्रफलमा विस्तार गरेका छन् । यहाँ विभिन्न समयमा उत्पादन दिनेगरी खेती गरिएको र यसपटक दसैँको शुभारम्भदेखि नै उत्पादन दिन थालेको छ । तिहार, एकादशी मेला र मङ्सिरमा हुने विवाहलाई मध्यनजर गरी फूल उत्पादनमा जोड दिइएको कृषि शाखा प्रमुख केसीले बताउनुभयो । यहाँ गाउँपालिकाको आर्थिक तथा प्राविधिक सहयोगमा फूलखेती गरिएको र यसले महिलाहरूलाई आत्मनिर्भर बनाउन सहयोग पुगेको उहाँको भनाइ छ ।

लघुउद्यम महिला सङ्घका अध्यक्ष सुन्तली गुरुङले घरायसी काममा मात्रै सीमित महिलाहरू यतिबेला आत्मनिर्भर बन्ने प्रयासमा रहेको बताउनुभयो । उहाँका अनुसार सङ्घमा आबद्ध ७० महिलाले सयपत्रीको खेती गरिरहेका छन् । अध्यक्ष गुरुङले भन्नुभयो, "चाडपर्वलगायत अन्य कार्यक्रमका लागि सयपत्री बाहिरबाट ल्याउन नपरोस् भनेर पालिकाले थालेको अभियानमा हामीले साथ दिएका हौँ । घरायसी काममा मात्रै व्यस्त रहने हामीलाई स्वरोजगार बनाउने उद्देश्यसहित फूलखेती गरिएकामा हाल राम्रै भइरहेको छ ।" गाउँपालिकाले आयातित तथा प्लाष्टिकजन्य फूलमाला निरुत्साहित गर्ने प्रयासस्वरूप गत वर्षदेखि फूलखेतीलाई प्राथमिकता दिएको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले बताउनुभयो । स्थानीय पुष्प व्यवसायीलाई प्रोत्साहित गर्ने उद्देश्यले गाउँपालिकाले अनुदानको कार्यक्रम अगाडि बढाएको उहाँले जानकारी दिनुभयो । "धेरै मात्रामा प्लाष्टिकजन्य फूल तथा माला प्रयोग भएको छ । यसले मानवीय स्वास्थ्य र वातावरणलाई समेत असर पुऱ्याइरहेको छ । त्यसैले स्थानीयस्तरमै फूल उत्पादन गरी बाहिरबाट ल्याउन नपर्ने अवस्था सिर्जना गर्ने हाम्रो उद्देश्य हो", अध्यक्ष चुमानले भन्नुभयो, "यसले स्थानीय उत्पादन प्रवर्द्धन र महिलालाई आत्मनिर्भर बनाउन पनि योगदान गरिहरहेको छ । त्यस कारणले यस खेतीलाई थप व्यवस्थित बनाउने गरी पालिका लागिरहेको छ ।"

गाउँपालिकाले स्थानीयस्तरमा हुने कार्यक्रममा पनि सयपत्री फूलको माला प्रयोगमा जोड दिएको छ । अध्यक्ष चुमानले भन्नुभयो, "पालिकाभित्र हुने हरेक कार्यक्रममा कृत्रिम फूललाई विस्थापित गरिरहेका छौँ, आफ्नै क्षेत्रमा उत्पादित फूललाई प्रयोगमा ल्याउन हामीले जोड दिएका छौँ । यसमा सबैको सहयोग जरूरी छ ।"

# चित्रेभञ्ज्याङ साहित्य सदनको प्रथम साधारण सभा

**पोखरापत्र संवाददाता**
पोखरा, १ कार्तिक



स्याङ्जा जिल्ला हरिनाश गाउँपालिका वडा नं. ४ स्थित चित्रेभञ्ज्याङ्ग साहित्य सदनको प्रथम साधारण सभा यही मिति २०८१ असोज २८ गते, सोमबारका दिन सम्पन्न भएकोछ ।

हरिनाश गाउँपालिका वडा नं. ४ को चित्रे गाउँमा गुरुङ्ग साहित्यीक मञ्च, नेपालका अध्यक्ष तेजबहादुर गुरुङ्गको प्रमुख आतिथ्यता र लोकोत्तर लोकबादी बिचारका प्रवर्तक तथा साहित्यकार धनप्रसाद तामाङ्गको विशेष आतिथ्यतामा चित्रेभञ्ज्याङ्ग साहित्य सदनको प्रथम साधारण सभा सम्पन्न भएको थियो । उक्त कार्यक्रममा साहित्यकार तथा चित्रेभञ्ज्याङ्ग साहित्य सदनका सल्लाहकार रुद्र सन्देश मगर, देउराली बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष नारायण सिंह थापा मगर, कबि रेशम पराजित गोतामे तथा कवयत्री अमृता थापा मगर लगायतले आआफना शुभकामना मन्तब्य सहित कविता, गजल, मुक्तक आदि बाचन गरेका थिए ।

चित्रेभञ्ज्याङ्ग साहित्य सदनले बि.सं. २०६५ साल देखि अनौपचारिक रुपमा चित्रेभञ्ज्याङ्ग क्षेत्रमा विभिन्न प्रकारका साहित्यीक गतिविधिहरु सञ्चालन गर्दै आईरहेको र हाल १५ औं अंक सम्म सदनको मुखपत्र "स्पदन" बार्षिक रुपमा प्रकाशन गर्दै आईरहेकोछ । उक्त कार्यक्रममा सदनको गतिबिधिलाई निरन्तरता दिनका लागि आर्थिक सहयोग गर्ने विभिन्न दाताहरुलाई सम्मान पत्रद्धारा सम्मान गरिएको थियो । कार्यक्रमका प्रमुख अतिथी गुरुङ्ग साहित्यीक मञ्च, नेपालका अध्यक्ष तथा साहित्यकार तेजबहादुर गुरुङ्गले कबि, साहित्यकारहरुले साहित्य सिर्जनालाई निरन्तरता दिनु पर्नेमा जोड दिएका थिए । विशेष अतिथि लोकोत्तर लोकवादी बिचारका प्रबर्त्तक तथा साहित्यकार धनप्रसाद तामाङ्गले साहित्यमा पहिचानको मुद्धाको उठान गर्नु वर्तमान समयको आवश्यकता रहेको विचार ब्यक्त गरेका थिए । सदनका अध्यक्ष रिमबाबु रानाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत मन्तब्य सदनकी कोषाध्यक्ष श्री अमृता थापाले गरेकी थिईन भने कार्यक्रमको सञ्चालन सदनका सचिव दिपेन्द्रकुमार थापाले गरेका थिए ।

# तातोपानी कुण्डमा स्नान गर्नेको सङ्ख्यामा वृद्धि

**रासस**
म्याग्दी, १ कार्तिक

यहाँको बेनी नगरपालिका-४ स्थित तातोपानी कुण्डमा स्नान गर्न आउने बिरामी तथा सर्वसाधारणको सङ्ख्यामा वृद्धि भएको छ । हाल दैनिक दुईसय जना बिरामी तथा सर्वसाधारण स्नान गर्न यहाँ आइरहेका छन् ।

दसैँसँगै कुण्डमा स्नान गर्न आउनेको सङ्ख्यामा वृद्धि भएको तातोपानी कुण्ड व्यवस्थापन समितिका अध्यक्ष कृष्णबहादुर खड्काले बताउनुभयो । "असोज २९ देखि यहाँ दैनिक दुई सयजना बिरामी तथा पर्यटक स्नान गर्न आइरहनुभएको छ," अध्यक्ष खड्काले भन्नुभयो ।

उहाँकाअनुसार बिरामीको चाप बढेपछि आजदेखि दैनिक तीन घण्टाका दरले पुरुष र महिलालाई समूह बनाएर स्नान गर्ने व्यवस्था मिलाइएको छ । तातोपानी सङ्कलन गरिएको तलाउमा एकपटकमा अधिकतम् चार सय जनाले स्नान गर्न मिल्छ । छोटो समयका लागि स्नान गर्नेलाई मुख्य कुण्ड बाहिर छुट्टै पोखरी बनाइएको छ ।

तातोपानीको मूलबाट बिरेनुनको गन्धसहित ५० डिग्री सेल्सियसभन्दा बढी तापक्रमको पानी निस्कने प्राकृतिक तातोपानीका कुण्डमा स्नान गरेपछि बाथ, ग्यास्ट्रिक, गानोगोला, ढाड दुख्ने, घुँडा दुख्ने, स्किन एलर्जी, यात्रामा हुने घाउ खटिरा, मर्केको, चर्मरोगदेखि प्यारालाइसिसजस्ता रोग निको हुने विश्वास गरिन्छ ।

देशका विभिन्न अस्पतालमा उपचार गराएर निको नभएका बिरामीसमेत पछिल्लो समय यहाँ आउन थालेका छन् । कुण्डमा हरेक सोमबार हुने सन्ध्याकालीन आरतीले बिरामीलाई आर्कषित गरेको छ । तातोपानीको मुख्य पोखरीमा स्नान गर्न प्रतिव्यक्ति रु तीनसय ५० को टिकट व्यवस्था गरिएको छ । उक्त टिकट खरिद गरेका बिरामीले पालोअनुसार एक हप्तासम्म स्नान गर्न पाउँछन् । मुख्य पोखरी बाहिरको पोखरीमा रु एक सयको टिकटले दुई घण्टा स्नान गर्न पाइन्छ । तातोपानी कुण्डको आम्दानी कुण्ड परिसरका संरचना निर्माण, कर्मचारी व्यवस्थापन, स्थानीय सरस्वती माविका पाँच शिक्षकको तलब/भत्तामा खर्च गरी नगरपालिकालाई २५ प्रतिशत दिने गरिएको छ ।

कुण्डमा वार्षिक २० हजार बढी बिरामी स्नान गर्न आउने गरेका छन् । २०४२ सालमा फेला पारिएको तातोपानीको मुहानलाई स्थानीयवासिन्दाले संरक्षणसहित व्यवस्थापन गरी प्रचार गरेपछि अहिले प्राकृतिक उपचार केन्द्रका रूपमा स्थापित भएको हो ।

# फेवातालबाट दुई जनाको उद्धार

**पोखरापत्र संवाददाता**
पोखरा, १ कार्तिक

हावाहुरीका कारण फेवातालको बीच भागमा अलपत्र परेका दुई जनाको सशस्त्र प्रहरी बलले उद्धार गरेको छ ।

सशस्त्र प्रहरी बल नं २४ कालिका गणबाट फेवाताल रेस्क्यु टावरमा खटिएको टोलीले तालको बीच भागमा काठको डुङ्गामा अड्किएका रुपन्देहीको देवदह नगरपालिका-११ का २२ वर्षीय मनिष विश्वकर्मा र रूपन्देहीको देवीनगर नगरपालिका-११ का २२ वर्षीया प्रिति सुनारको उद्धार गरेको हो । काठको डुङ्गा भाडामा लिइ फेवातालमा सवार दुवै जनाको तालको बीच भागबाट उद्धार गरिएको कालिका गणका गणपति प्रहरी उपरीक्षक अरुणकुमार शर्माले जानकारी दिनुभयो । फेवाताल रेस्क्यु टावरमा खटिएको सशस्त्र प्रहरी बलको विशेष विपद् व्यवस्थापन टोलीले घटनाबारे जानकारी प्राप्त गर्नासाथ उनीहरुको उद्धार गरेको थियो ।


## कार्यालय सहयोगी आवश्यकताको सूचना

यस विद्यालय व्यवस्थापन समितिको मिति २०८१/०६/२२ एवम् शिक्षा महाशाखा पोखराको च.न. २५३ मिति २०८१/०६/२९ को निर्णय अनसार यस विद्यालयमा रिक्त रहेको कार्यालय सहयोगी पदमा खुल्ला प्रतिश्पर्धा गरी सफल उम्मेदवार छनौट गर्न तपशिल बमोजिमको योग्यता पुगेका व्यक्तिहरुमा दरखास्त आव्हान गरिएको छ ।

**तपशिल**

विज्ञापन नं.: २०८१/०७/०२ पदः कार्यालय सहयोगी
संख्याः १ जना तलवः प्रचलित नियमानुसार
शैक्षिक योग्यताः माध्यमिक शिक्षा परीक्षा (एसईई) उत्तीर्ण
उमेरः १८ वर्ष पुरा गरी ४० वर्ष ननाघेको
परीक्षा शुल्कः रु.५०० (पाँच सय मात्र)
दरखास्त दिने अन्तिम मितिः सूचना प्रकाशित मितिले १५ दिनभित्र
आवश्यक कागजातहरुः
- नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि १ थान
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि १ थान
परीक्षाको किसिमः लिखित र अन्तवार्ता
सम्पर्कः अध्यक्षः ९८२३५७६३७९, प्र.अ. ९८४०५८७७३०

**श्री पञ्चकोशी आधारभूत विद्यालय**
**पोखरा-२३, औसेलुचौर, कास्की**



## शिक्षक आवश्यकता

अन्नपूर्ण गा.पा. शिक्षा युवा तथा खेलकुद शाखा कास्कीको च.नं. ३८७ मिति २०८१/०६/१६ गतेको अनुमति पत्राअनुसार यस श्री उमा माध्यमिक विद्यालयमा रिक्त रहेको माध्यामिक तह तृतिय श्रेणी (संघीय अनुदान करार) अंग्रेजी विषय शिक्षकको पदपूर्तिका लागि विज्ञापन अनुमति प्राप्त भएकाले तपशिलमा उल्लेखित योग्यता पुरा भएका इच्छुक नेपाली नागरिकहरुबाट प्रकाशित मितिले १५ दिन भित्र रितपूर्वक दरखास्त आवेदनको लागि अनुरोध गरिन्छ ।

**तपशिल**

विज्ञापन नं.: ०१/२०८१/२०८२ पदः माध्यमिक तह शिक्षक (संघीय अनुदान)
संख्याः १ जना विषयः अंग्रेजी
योग्यताः मान्यता प्राप्त शैक्षिक संस्थाबाट सम्बन्धित विषयमा स्नातक वा सो सरह उत्तीर्ण
उमेरः १८ वर्ष पुरा गरी ४० वर्ष ननाघेको
तलव स्केलः नेपाल सरकारबाट सम्बन्धित पदलाई तोकिए बमोजिम
आवश्यक कागजातहरुः
- हस्तलिखित निवेदन - नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि १ थान, - शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि १ थान
- स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि १ थान
दरखास्त दिने अन्तिम मितिः २०८१/०७/१६ गते ४ बजेसम्म
सम्पर्क मितिः फोनबाट जानकारी गराइने ।
दरखास्त दस्तुरः रु १०००।- (एक हजार मात्र)
परीक्षाको किसिमः लिखित र अन्तवार्ता
करार सुचीमा भएका उम्मेदवारहरुले सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र आफ्नो करार सूची क्रमाङ्क सहित विद्यालयमा निवेदन दिनुपर्नेछ ।
जानकारीको लागि : दरखास्त दिनको लागि यस विद्यालयको NIC ASIA बैंकमा रहेको खाता नं. A641052462252401 खातामा भएको नाम Shree Uma Secondary School मा परीक्षा दस्तुर जम्मा गरी त्यसको भौचर निवेदन र अन्य आवश्यक कागजातहरु विद्यालयको Email:umasecondaryschool26@gmail.com र grg.buddhi2027@gmail.com मा पठाउन सकिने छ वा स्वयम विद्यालयमा आएर कार्यालय समयमा बुझाउन सकिने छ ।

**श्री उमा माध्यमिक विद्यालय**
**अन्नूर्ण गाउँपालिका-८, दाङसिङ, मोहोरिया, कास्की**
**सम्पर्क नं.: ९८४६४६८२१७,९८०६७३६०५०, ९७४५२८१३९८**